प्रदेश सरकार
उधोग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

कोशी प्रदेश, ओखलढुंगा, नेपाल

सूचना नं. ०१/२०८०-८१

## प्रस्ताव आव्हान सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८०/०६/१०
प्रस्ताव दर्ता गर्ने अन्तिम मितिः- २०८०/०६/३०

यस कृषि ज्ञान केन्द्र, ओखलढुंगाको आ.व. २०८०/०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८" बमोजिमका शर्तहरु पालना गरी तपशिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि ओखलढुंगा जिल्ला अन्तर्गतका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र तोकिएको ढाँचामा कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०३७-५२०१३० वा टोल फ्रि नं. १६६०३७५२००० मा कार्यालय समयभित्र सम्पर्क राखु हुन वा कृषि विकास निर्देशनालय, कोशी प्रदेश, विराटनगरको वेभसाईट doad.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली, मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | लक्ष्य परिमाण | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सकिने साझेदार निकायहरु |
|---|---|---|---|---|---|
| १ | किवि खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | कुल लागतको ७५% वा बढिमा ५ लाख प्रति इकाई | कृषक समूह/कृषि सहकारी/कृषि फर्म |
| २ | व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | १० | कुल लागतको ७५% वा बढिमा ३ लाख प्रति इकाई | कृषक समूह/कृषि सहकारी/कृषि फर्म |
| ३ | गडयौली मल उत्पादन तथा प्रांगारिक मल सुधार कार्यक्रम | संख्या | १० | कुल लागतको ७५% वा बढिमा ५० हजार प्रति इकाई | कृषक समूह/कृषि सहकारी/निजी उद्यमी । कम्तीमा २० जना कृषकहरु एउटै कलष्टरमा पर्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ |
| ४ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, जौ) | संख्या | ३ | कुल लागतको ७५% वा बढिमा ३ लाख प्रति इकाई | कृषक समूह/कृषि सहकारी/कृषि फर्म |
| ५ | युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम | संख्या | ४० | कुल लागतको ७५% वा बढिमा १ लाख प्रति इकाई | १८ वर्षदेखि ५० वर्ष सम्मका विदेशबाट फर्केका वा विदेश जान लागेका स्थानीय बेरोजगार युवाहरु |
| ६ | निर्मित हाईटेक नर्सरीहरुको स्तरन्नोती सहयोग | संख्या | ३ | कुल लागतको ७५% वा बढिमा १ लाख ५० हजार प्रति इकाई | कृषक समूह/कृषि सहकारी/कृषि फर्म |

२०८०।०६।१०
हेम बहादुर आलेमगर
निमित्त कार्यालय प्रमुख

फोन नं. ०३७-५२०१३०/५२०६०६
e-mail: akcokhaldhunga@gmail.com

प्रदेश सरकार

उधोग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

कोशी प्रदेश, ओखलढुंगा, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मागमा आधारित कार्यक्रम | संख्या | २० | कुल लागतको ७५% वा बढिमा १ लाख प्रति इकाई | कृषक/कृषक समूह/कृषि सहकारी/निजी उद्यमी |
| ८ | अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | २ | कुल लागतको ७५% वा बढिमा ७ लाख प्रति इकाई | कृषक समूह/कृषि सहकारी/कृषि फर्म |
| ९ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | १५० | कुल लागतको ७५% वा बढिमा ७ लाख ५० हजार प्रति इकाई | कृषक समूह/कृषि सहकारी/कृषि फर्म<br>५० हेक्टर वा १००० रोपनी बराबर एक कलष्टर रहने |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) प्रति आवेदन रु २००।-) र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००।- राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००२०००१०००० राजस्व शिर्षक १४२२९ कार्यालयको कोड ३१२०११००११ मा आवेदन दस्तुर वापत जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/कम्पनी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र गत आ.ब.२०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५. कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व. ०७९/८० को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि

६. सम्बन्धित स्थानीय तह कृषि विकास शाखा र वडा कार्यालयको सिफारीस ।

७. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि १० वर्षको सम्झौतानामा ।

८. निवेदकको नागरिता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व:घोषणा पत्र ।

११. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणपत्रको प्रतिलिपि ।

१२. कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ बमोजिम माग गरिएको आवश्यक कागजातहरु पूर्णता नभएमा प्रस्ताव स्वत: रद्ध हनेछ ।

नोट:- माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्वन्धित कार्यक्रम संचालन सम्वन्धि मापदण्ड कृषि ज्ञान केन्द्र, ओखलढुंगाबाट प्राप्त गर्न सक्नु हुनेछ । आवेदकहरुले विगत ३ आर्थिक वर्षमा विभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट रु. पाँचलाख वा सो भन्दा बढि अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने व्यहोरा समेत सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।

२०८०/०३/१०
हेम बहादुर
निमित्त कार्यालय प्रमुख

नं. ०३७-५२०१३०/५२०६०६

e-mail: akcokhaldhunga@gmail.com